# सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
## धापासी, काठमाडौं

## परियोजना सम्बन्धी संक्षिप्त जानकारी

| | |
|---|---|
| **परियोजनाको नाम** | दिगो समाधान, दोस्रो चरण |
| **कार्य क्षेत्र** | भूकम्प प्रभावित ३२ जिल्ला |
| **सम्पर्क व्यक्ति** | जगत बस्नेत |
| **सम्पर्क नम्बर/इमेल** | ९८५१०८११९७/jagatb@csrcnepal.org |
| **फोकल व्यक्तिको नाम** | गोपाल कृष्ण बस्नेत |
| **फोकल व्यक्तिको इमेल** | gopal@csrcnepal.org |
| **फोकल व्यक्तिको सम्पर्क नम्बर** | ९८५४०४५७२४ |
| **साझेदार संस्था** | साझेदार संस्था : पिपुल इन निड<br>दातृ निकाय : बेलायत दुताबास काठमाण्डौ |
| **परियोजनाको सारंश** | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प र भौगोलिक जोखिमका कारण विस्थापित भएका परिवारको पुनर्वास र भावि जोखिमलाई कम गर्नका लागि दिगो समाधान परियोजनामार्फत पाचँ वटा फरक फरक नीतिको अनुमोदन गरि लागु गरेको छ। अहिलेको अवस्थामा रहेका भूमिहीन र विस्थापित परिवारको सामूहिक मुद्दाको सुनुवाइ र समाधानका लागि एन.आर.ए भित्र साथै राजनैतिक दलभित्रका नेतृत्वमा दृढ इच्छाशक्ति रहेको छ। विस्थापित र भूमिहीनहरूको समस्या समाधान गर्नका लागि तर्जुमा भएका नीतिहरूको समयसापेक्ष परिमार्जन गरेर प्रभावकारी कार्यान्वयन गर्न सकेमा वास्तविक पीडितहरूको सवालको समाधान गर्न सकिन्छ र यहि विषयमा परियोजनाले काम गरिरहेको छ। भूकम्प प्रभावित र विस्थापित परिवारलाई दिगो समाधान परियोजनाको सहजीकरणमा राष्टिय पुनर्निर्माण प्राधिकरणले उपलब्ध गराउने अनुदान |

<table>
<tr><td></td><td colspan="2">रकममा पहुँच पुऱ्याई दिगो र उत्थानशिल पुनर्निर्माणमा सहयोग गर्नका लागि पिन र आत्मनिर्भर सेवा केन्द्रले समान साझेदारीमा काम गरिरहेका छन् ।</td></tr>
<tr><td>परियोजनाको उद्देश्य</td><td colspan="2">भौगर्भिक जोखिमका कारण विस्थापित जोखिममा रहेका परिवारहरूको समस्या समाधान गर्नका लागि दिगो समाधान परियोजनामार्फत सहजीकरण गर्ने ।<br><br>● भूमिहीन र विस्थापित परिवारहरूको सुरक्षित स्थानमा आवास निर्माणका लागि कन्सोर्टियमले एनआरएलाई दिगो समाधान परियोजनाको डिजाइन, मापन र कार्यान्वयन गर्न सहजीकरण गर्नेछ । तथ्याङ्कहरूको प्रभावकारी व्यवस्थापन, प्रभावकारी सञ्चार, आवश्यक थप नीतिहरूको तर्जुमा गरि प्रभावकारी व्यवस्थापन र कार्यान्वयन गर्नका लागि आगामी दुई वर्षका लागि एनआरएलाई सहयोग गर्ने । साथै जिल्ला स्थीत एनआरएका निकाएलाई भूमिहीन र विस्थापितका क्षेत्रमा काम गर्न सहजीकरण गर्ने ।<br>● कन्सोर्टियमले दिगो समाधान परियोजनाको प्रत्यक्ष कार्यान्वयनमा तीन तरिकारले सहयोग गर्दछ । कन्सोर्टियमले अनुदान विकास योजना र परियोजना विकास योजनाको समयमानै सान्दर्भिक नीति तथा नियमहरू र समुदायका जोखिम क्षेत्रमा रहेको परिवारहरूको वर्गिकरणका सन्दर्भमा पहिले नै पर्याप्त जानकारी दिनेछ भनेर सुनिश्चित गर्नेछ । दोस्रो, पीडितको समस्या समाधान गर्नका लागि सरकारले तोकेका आवश्यक कागजपत्रहरूको सङ्कलन र अन्तमा, सङ्कलित कागजपत्रका आधारमा सम्बन्धित परिवार पुनर्स्थापनाका लागि र पुनर्निर्माणका लागि सरकारले उपलब्ध गराउने अनुदान रकम प्राप्त गर्नका लागि योग्य छ भनि लाभग्राही कायम गराउनका लागि व्यवस्थित तथ्याङ्क व्यवस्थापनका माध्यमबाट सहयोग गर्नेछ ।<br>● संरक्षण, पूर्वतयारी र प्राविधिक सहयोगको प्रावधानका माध्यमबाट विस्थापित र पुनर्स्थापित परिवारहरूको दिगो र उत्थानशिल आवास निर्माणका लागि कन्सोर्टियमले काम गर्नेछ । कन्सोर्टियमले समुदायलाई नै आफ्नो नयाँ समुदाय र आश्रयस्थलको योजना बनाउन आधरभूत प्राविधिक सहायता प्रदान गर्नेछः जस्तै आवास निर्माण संहिताको पालना, जलवायु अनुकुलन समुदायको निर्माणमा जोड । दोस्रो, प्रभावित समुदाय तथा परिवारलाई दीर्घकालिन नकरात्मक प्रभाव र सुरक्षा जोखिमको न्यूनिकरणका लागि विस्थापित र भूमिहीन परिवरालाई उन्को सुरक्षामार्फत सहयोग गर्नेछ ।</td></tr>
<tr><td>अपेक्षित नतिजा (सूचाकाङ्क सहित)</td><td>असर</td><td>● प्रभावकारी कार्यसञ्चालन निर्देशिका र तथ्याङ्क सङ्कलन क्षेत्रको विकास गरि जिम्मेवार सरकारी निकायलाई परियोजनाको अन्त्यमा हस्तान्तरण गरिनेछ ।</td></tr>
</table>

| | | |
|---|---|---|
| | | ● कम्तीमा तीन हजार परिवारले सफलतापूर्वक नयाँ सुरक्षित स्थानमा जग्गा खरिद गरि आवास निर्माण गरेका हुनेछन् । |
| | परिणाम १ | ● परियोजनाको योजना अनुसार नयाँ सुरक्षित स्थानमा बसोबासका लागि आवेदन दिएका सबै परिवारलाई नेपाल सरकारले उपलब्ध गराउने अनुदान रकम सहित सफलतापूर्वक पुनर्स्थापित गराएको हुनेछ । |
| | परिणाम २ | ● शत प्रतिशत भूमिहीन परिवारले आवास निर्माण किस्ताको नियमअनुसार पहिलो किस्ता पाएका हुनेछन् । |
| | परिणाम ३ | ● कम्तीमा ५० प्रतिशत पुनर्स्थापित परिवारले विपद् जोखिम न्यूनीकरणमैत्री आवास निर्माण गरेको हुनेछन् । |
| **अबधि** | फागुन ३, २०७४ देखि माघ १८, २०७७ सम्म | |
| **जम्मा बजेट** | ने.रु ८६,२७६,४७० | |